



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily




❑ वर्ष २३ ❑ अङ्क ९९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख १० गते शनिबार ❑ 23 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–

## 'जनप्रतिनिधि शासक नभएर जनताको सेवक हो'

रासस
काठमाडौं, ९ बैशाख

नेकपा (एमाले)ले जनप्रतिनिधि शासक नभएर जनताको सेवक बन्ने र समाजिक जागरण र विकासका अभियन्ता हुने सङ्कल्पसहित स्थानीय निर्वाचन, २०७९ लक्षित घोषणापत्र जारी गरेको छ।

च्यासलस्थित पार्टी कार्यालयमा आयोजित कार्यक्रममा आज सार्वजनिक घोषणापत्रमा एमाले नेतृत्वको पालिका सुशासनको नमूना बन्ने, भ्रष्टाचार नगर्ने र सदाचारको दृष्टान्त बन्ने उल्लेख छ । घोषणापत्रमा गुणस्तरीय शिक्षाका आधारमा प्राविधिक शिक्षाको विस्तार र सामुदायिक विद्यालयको सुधारमा ध्यान दिइने उल्लेख छ। सामुदायिक शिक्षालाई गुणस्तरीय, सीपमुलक र जीवनउपयोगी बनाइने उल्लेख छ। पूर्वाधार, जनशक्ति, वित्तिय व्यवस्था र स्वास्थ्य चेतनाको विकासद्वारा स्वास्थ्यसम्बन्धी मौलिक हकको कार्यान्वयन र निरोगी



नेपाल निर्माण गरिने घोषणापत्रमा उल्लेख छ । नागरिकलाई स्वच्छ र पर्याप्त खानेपानी र सरसफाइको व्यवस्थामार्फत सुन्दर, सफा, सभ्यपालिकाको निर्माण गरिने उल्लेख छ । आधुनिक ऊर्जाको प्रयोगमार्फत उज्यालो पालिका बनाइने उल्लेख छ । कृषितर्फ, सिँचाइको विस्तार, कृषि भूमिको सही उपयोग र आधुनिक प्रविधिको माध्यमबाट कृषिको आधुनिकीकरण गर्दै मुलुकलाई आत्मनिर्भर र किसानलाई समृद्ध बनाइने उद्देश्य लिइएको छ।

विकसित पालिका र सुरक्षित आवासका लागि एकीकृत वस्ती, योजनाबद्ध सहरी विकासको योजना अघि सारिएको छ । सो घोषणापत्रमा मौलिक कला, संस्कृति र सम्पदाको संरक्षण गर्दै स्थानीय पहिचानको अभिवृद्धि गर्ने र पर्यटनको विकासमार्फत रोजगारी र समृद्धि हासिल गर्ने उल्लेख छ । ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, असाहयको संरक्षण गर्दै सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने उल्लेख छ।

## जिम्मेवार रुपमा न्याय सम्पादन गर्न मुख्यमन्त्रीको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख

गण्डकी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले न्यायिक समितिका लागि हाते पुस्तक तयार पारेको छ। नेसनल डेमोक्रेटिक इन्स्टिच्युट फर इन्टरनेसनल अफेर्स (एनडिआई)/युएसएडको सहयोगमा प्रकाशित पुस्तक गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बिहीबार पोखरामा आयोजित कार्यक्रममा लोकार्पण गरे।



पुस्तक लेखन उच्च अदालतका पूर्व मुख्यन्यायाधीश केशरीराज पण्डित र उच्चकै पूर्व न्यायाधीश विनोद शर्माले गरेका हुन् । प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले संविधानले नै ३ तहको सरकारको परिकल्पना गरेर स्थानीय तहलाई न्यायिक अधिकार दिएर नौलो अभ्यास गरेको बताए। स्थानीय तहले ५ वर्षको अवधिमा न्यायिक समितिको क्षेत्रमा धेरै नै उदाहरणीय काम गरेको भन्दै यसमा अझै सुधारको जरुरी रहेको भनाइ राखे । उनले भने, 'चुनाव जितेर आएको जनप्रतिनिधिलाई न्यायिक अधिकार दिनु आफैमा चुनौती पक्ष हो, जिम्मेवारी पाएपछि इमान्दार रुपमा उत्रनुपर्छ, इजलाशमा बस्दा दलभन्दा माथि उठेर विवादको न्यायिक निरुपण गर्नुपर्छ।

हाम्रो समाज आफूले कति दुख पाएँ भन्दा पनि अरुले कति सुख पायो भन्नेजस्ता इगोको मनोविज्ञानबाट ग्रसित रहेकाले यस्तै समस्याबाट सिर्जित विषयलाई निरुपण गर्न स्थानीय तहमा न्यायिक समितिको परिकल्पना गरिएको मुख्यमन्त्रीले बताए । मुख्यमन्त्री पोखरेलले नेपालमा लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, समावेशी समानुपातिक प्रतिनिधित्वको अभियानमा निरन्तर युएसएड र एनडिआइले सहयोग गर्दै आएको भन्दै प्रशंसा गरे । उच्च अदालत पोखराका कायम मुकायम मुख्य न्यायाधीश डिल्लीराज आचार्यले मुलुकभर यति धेरै न्यायकर्मी क्रियाशील हुँदा पनि न्यायसम्पादन किन ढिलाइ भइरहेको छ भन्नेतर्फ विचार पुऱ्याउनु पर्ने बताए।

अन्य मुलुकमा न्याय सम्पादनका क्षेत्रमा भएका अभ्यासको अनुसरण गर्दै नेपालमा अहिले भइरहेको न्यायिक निरुपणको प्रक्रियामा सुधार ल्याउन जरुरी रहेको उनको भनाइ थियो । चुनावी प्रक्रियाका कारण न्यायिक समितिमा एउटै जाति, एउटै लिंग, एउटै भेग, पृष्ठभूमिमा प्रतिनिधि आउने सम्भावना पनि रहेकाले यसतर्फ दलहरु सज हुन उनको सुझाव थियो । लिखित, मौखिक, इमेल वा अन्य जुनसुकै माध्यमबाट भए पनि आएका गुनासालाई न्यायिक समितिले संबोधन गर्नुपर्नेमा उनले जोड दिए। देवानी प्रकृतिका मुद्दामा पक्षहरु पहिला न्यायिक समितिमा त्यसपछि बल्ल अदालतमा आउनुपर्ने मुख्य न्यायाधीश आचार्यको भनाइ थियो । गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापाले स्थानीय तहहरुमा कानुन अधिकृत राख्ने व्यवस्था नभएका कारण कानुन निर्माण र न्याय सम्पादनमा समस्या परेको बताए। व्यवस्थित इजलाश समेत नभएको गुनासो समेत आउने गरेको उनको भनाइ थियो । उनले प्रदेशले बनाउने कानुन र यस्ता हाते पुस्तकले अब निर्वाचित हुने जनप्रतिनिधिलाई कार्य सम्पादनमा सहज हुने विश्वास व्यक्त गरे। कार्यक्रममा प्रदेश प्रमुख सचिव रविलाल पन्थ, मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोलाले नागरिकलाई सुशासन र न्यायको अनुभूति दिलाउनका लागि तिनै तहका सरकार क्रियाशील रहनुपर्ने भन्दै न्यायिक समितिको प्रभावकारिताका बारेमा भनाइ राखे। पुस्तक लेखनमा संलग्न पूर्व न्यायाधीश विनोद शर्माले पुस्तकमा समावेश गरिएका विषयवस्तुका बारेमा जानकारी गराएका थिए।

उक्त अवसरमा उक्त अवसरमा युएसएडका डेमोक्रेसी एन्ड गभर्नेन्स अफिसका निर्देशक डेभिड आइज्याक, एनडिआइका सिनियर कन्ट्री डाइरेक्टर डेबोरा हिलीले अमेरिकी सरकार नेपालमा लोकतन्त्रको सुदृढीकरण र सुशासन स्थापनाका लागि सहयोग गर्न हरदम तयार रहेको भनाइ राखे । पोखरा महानगरपालिका उपमेयर मञ्जुदेवी गुरुङले यो हाते पुस्तक अत्यन्तै उपयोगी रहने विश्वास व्यक्त गरिन्। उनले स्थानीय सरकार सञ्चालन ऐन २०७४ मातहत रहेर न्यायिक समिति ऐन बनाएर महानगरपालिकाले कार्यसम्पादन गर्दै आएको बताइन् । काम गर्दै जाँदाको अनुभवले खारिँदै त्यसै अनुसारको ढाँचा बनाएर कार्यसम्पादन गर्दै आएको उनको भनाइ थियो।

## डब्ल्युएचओका महानिर्देशकद्धारा नेपाल सरकारको प्रशंसा

रासस
पोखरा, ९ बैशाख

विश्वस्वास्थ्य सङ्गठन, डब्ल्युएचओका महानिर्देशक टेड्रोस अधानोमगेब्रेयससलेनेपाललेकोरोना महामारीविरुद्धको खोप अभियान प्रभावकारीरुपमा व्यवस्थापन गरेकामा नेपाल सरकारको प्रशंसा गर्नुभएको छ।

उहाँले कोरोना भाइरसविरुद्धको खोपको व्यवस्थापन गरी प्रायः सबैजसोलाई कोरोना भाइरसविरुद्धको खोप लगाइसकेको भन्दै यस्तो प्रभावकारी कार्यका लागि प्रधानमन्त्री शेरबहादुर देउवाको प्रशंसा गर्नुभएको हो । प्रधानमन्त्री देउवासँग शुक्रबार भएको शिष्टाचार भेटका क्रममा कोभिड नियन्त्रण तथा रोकथाममा नेपाल सरकारको रणनीति प्रभावकारी भएको डा टेड्रोसले बताउनुभएको प्रधानमन्त्रीका प्रेस प्रमुख गोविन्द परियारले जानकारी दिनुभयो।

त्यस अवसरमा डा टेड्रोसले नेपालले दक्षिण एशियामै टाइफाइडविरुद्ध बालबालिकालाई खोप सुरु गरेकामा पनि नेपाल सरकारलाई धन्यवाद व्यक्त गर्नुभएको थियो । नेपालले छोटो समयमै बाल तथा मातृमृत्यु कम गरेको लगायतका विभिन्न स्वास्थ्य सूचकहरुमा गरेको प्रगतिको पनि उहाँले प्रशंसा गर्नुभयो। प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार भएको सो शिष्टाचार भेटमा प्रधानमन्त्री देउवाले स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने गरी सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरेको जानकारी गराउनुभएको थियो। साथै कोभिड नियन्त्रणलगायत स्वास्थ्य क्षेत्रमा विश्वस्वास्थ्य सङ्गठनको सहयोगका लागि पनि प्रधानमन्त्रीले विश्वस्वास्थ्य सङ्गठनलाई धन्यवाद व्यक्त गर्नुभएको थियो।

प्रधानमन्त्री देउवाले नेपाली स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, स्वास्थ्यका क्षेत्रमा बहुपक्षीय साझेदारी लगायतका विषयमा सहकार्य गर्न नेपाल सरकार तयार रहेको धारणा पनि भेटमा राख्नुभएको थियो।

## माओवादी आन्दोलनमा उत्साहपूर्ण ध्रुवीकरण : अध्यक्ष दाहाल

रासस
पोखरा, ९ बैशाख

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी आन्दोलनमा नयाँ र उत्साहपूर्णरुपमा ध्रुवीकरण प्रक्रिया सुरु भएको बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टीको ७३औँ स्थापना दिवसका अवसरमा पार्टी मुख्यालय पेरिसडाँडामा आज आयोजित कार्यक्रममा उहाँले यसअघि माओवादीबाट विभाजित भएर अलग बाटोमा लागेका हजारौँ नेता कार्यकर्ता पुरानै घरमा फर्केको बताउनुभयो । उहाँले कम्युनिष्ट र पूर्वमाओवादी नेता कार्यकर्तालाई एकतामा आउन आह्वान गर्नुभयो।

"विभाजित भएका माओवादी शक्ति पुनःएकता हुनेक्रम बढेको छ, यो उत्साहपूर्ण छ, पूर्वदेखि पश्चिमसम्म एकताको लहर आएको छ", उहाँले भन्नुभयो, "जनयुद्धबाट प्राप्त उपलब्धिमाथि खतरा पैदा भएको छ, परिवर्तनको उपलब्धिको रक्षाका लागि माओवादी एकताबद्ध हुनुपर्छ ।" सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई कमजोर पार्ने र परिवर्तनका उपलब्धि उल्ट्याउने खतरा बढेको भन्दै उहाँले परिवर्तनका लागि त्याग, बलिदान र कीर्तिमान गर्नेहरु एक ठाउँमा आउनुपर्ने बेला आइसकेको बताउनुभयो।

"परिवर्तनमा सहभागी माओवादी र सबै कम्युनिष्ट शक्तिलाई विशेष रुपले अपिल गर्न चाहन्छु", उहाँले भन्नुभयो । परिवर्तनका मुद्दालाई स्थापित गर्न, जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन र न्यायपूर्ण आन्दोलनका सहिदका सपना पूरा गर्न परिवर्तनकामी शक्ति एक हुनुको विकल्प नभएको उल्लेख गर्दै अध्यक्ष दाहालले परिवर्तनलाई संस्थागत गर्न आगामी निर्वाचनमा माओवादीले जित्नैपर्ने बताउनुभयो।

## पुम्दीकोटमा जारी महायज्ञमा १ करोड २१ लाख संकलन

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख

पोखरा २२ (पुम्दी-भुम्दी) को पुम्दीकोटमा जारी महायज्ञमा १ करोड २१ लाख ५६ हजार रुपैया संकलन भएको छ । पुम्दीकोट कोट विकास समितिको आयोजनामा शिव महापुराण एवं धार्मिक पर्यटन महोत्सव अर्न्तगत शुक्रबारसम्म उक्त रकम संकलन भएको महायज्ञका आर्थिक उपसमितिका सह-संयोजक निर्मल बरालले बताए।

महायज्ञको छैटौं दिन करिब २१ लाख ५६ हजार रुपैया संकलन भएको समितिले जनाएको छ। शुक्रबार महायज्ञमा एक रोपनी १० आना २ पैसा ३ दाम को जग्गा दान भएको छ । उक्त जग्गा दान गर्ने पोखरा २२

बाँकी अन्तिम पृष्ठमा ▶▶






# देशभर सुरु भयो एसइई परीक्षा

रासस
काठमाडौं, ९ बैशाख

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) शुक्रबार बिहान ८ बजेदेखि देशभर एकैसाथ सुरु भएको छ। राष्ट्रिय परीक्षा बोर्डले देशभर दुई हजार सात परीक्षा केन्द्रबाट एकैपटक परीक्षा सञ्चलन गरेको छ।

बोर्डका अध्यक्ष महाश्रम शर्माले परीक्षा शान्तिपूर्णरूपमा सम्पन्न गर्न तथा गराउन सबैमा आग्रह गर्नुभएको छ। कोरोना महामारीका कारण शैक्षिकसत्र २०७७ र २०७६ मा विद्यालयको आन्तरिक मूल्याङ्कनकै आधारमा परीक्षा बोर्डले एसइईको नतिजा सार्वजनिक गरे पनि यस वर्ष भने सामान्य स्वाथ्य मापदण्ड पूरा गर्दै भौतिक उपस्थितिमै बोर्डले परीक्षा सञ्चालन गरेको हो। परीक्षा नियन्त्रक अर्जुन रायमाझीले एसइई परीक्षामा देशभरका ११ हजार ६१५ विद्यालयबाट नियमिततर्फ छात्र एक लाख ५७ हजार ९१४ र छात्रा दुई लाख ५७ हजार ५३ गरी कूल पाँच लाख १४ हजार ९६७ परीक्षार्थी सहभागी भएको जानकारी दिनुभयो। दुई वर्षदेखि रोकिएको ग्रेड वृद्धितर्फ ११ हजार ४५४ विद्यार्थी र प्राविधिक धारका २९९ विद्यालयका १४ हजार ५६४ विद्यार्थी पनि एसइईमा सहभागी भएको उल्लेख गर्दै उहाँले परीक्षामा सबैभन्दा कम मनाङबाट ४३ विद्यार्थी सहभागी भएको जानकारी दिनुभयो। यस वर्षको एसइईमा नेपालीले जापानमा सञ्चालन गरेको एक विद्यालयका २० विद्यार्थी पनि सहभागी भएका छन्। बोर्डले परीक्षालाई मर्यादित एवं व्यवस्थित बनाउन प्रदेशस्थित सामाजिक विकास मन्त्रालय र जिल्ला परीक्षा समन्वय समितिको व्यवस्थापनमा प्रदेश परीक्षा व्यवस्थापन समिति गठन गरेको छ। यस वर्षको एसइई परीक्षा सञ्चालनका लागि प्रदेश परीक्षा व्यवस्थापन समितिले परीक्षाको अनुगमनदेखि उत्तरपुस्तिका परीक्षण, संपरीक्षण र रुजुको कामसमेत गर्ने भएको बोर्डका अध्यक्ष शर्माले जानकारी दिनुभयो। परीक्षाका लागि प्रदेश परीक्षा व्यवस्थापन समितिमार्फत जिल्ला परीक्षा समन्वय समितिलाई परिचालन गरिएको छ। बोर्डले प्रदेशसँग समन्वय गर्ने र प्रदेशअनुसारका सबै जिल्लालाई प्रदेशले निर्देशन दिने तथा अनुगमन गर्ने गरी व्यवस्था गरिएको छ।

प्रदेश परीक्षा व्यवस्थापन समितिले विद्यार्थीको प्राप्ताङ्क पठाएपछि अन्तिममा त्यसलाई रुजु गरेर बोर्डले नतिजा प्रकाशन गर्ने उहाँले बताउनुभयो। अध्यक्ष शर्माले भन्नुभयो, "यस वर्ष एक महिना ढिलो परीक्षा सुरु भएको छ, बोर्डले परीक्षाका नियमावली संशोधन गरेर प्रदेशलाई धेरै जिम्मेवारी दिएको छ, नतिजा जारी गर्न केही दिन तल-माथि हुनसक्ला, यद्यपि साउन १ देखि कक्षा ११ को शैक्षिकसत्र सुरु हुनुअघि नै एसइईको नतिजा सार्वजनिक गर्ने लक्ष्य छ।" कोरोना महामारीका कारण गत वर्षको पढाइ प्रभाभिव भएपछि चैत महिनाभर कक्षा सञ्चालन गर्ने र वैशाखमा परीक्षा सम्पन्न गरी नयाँ भर्ना अभियान सञ्चालन गरेर जेठ १ देखि कक्षा १-१० को आगामी शैक्षिकसत्र सुरु गर्ने गरी शिक्षा मन्त्रालयले व्यवस्था गरेको छ।

# पौडेलको ३९ औं जन्मदिनमा २६ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख



जन्मदिनमा उपहारकै वर्षा हुन्छ। कसैलाइ केक। कसैलाइ कपडा। कसैलाइ पेन। कसैलाइ मिठा मिठा खानेकुरा। तर यहाँ जन्मदिनमा रक्त उपहार। सुन्दै अचम्म लाग्ने। कति राम्रो कार्य। जन्मदिन नयाँ तरिकाले मनाएर समाज रुपान्तरणको सपना देख्ने पोखरा महानगरपालिका वडा नं १३ गौडाकोमुख निवासी नरेश पौडेल हुन्। पौडेलले आफ्नो ३९ औं जन्मदिनमा विहीवार रक्त उपहार दिएर मनाएका हुन।

जन्मदिनको अवसर पारी आयोजना गरिएको रक्तदान कार्यक्रममा २६ युनिट रगत संकलन भएको छ। वडा नं १३ का वडा अध्यक्ष दर्शन लामाले पहिलो रक्तदाता विनोद पौडेललाइ ब्लड व्याग दिएर कार्यक्रम सुरु गरेका थिए। अध्यक्ष लामाले नरेश पौडेलले जन्मदिनमा रक्तदान कार्यक्रम गर्नाले समाजमा सकारात्मक सन्देश जाने भने। क्षेत्रीय रक्तसंचार केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञवालीले १७ वर्ष पुरा गरेपछि कुनै औषधी प्रयोग गर्न नपरेमा ६० वर्ष सम्म रगत दिन मिल्ने जानकारी गराए। सो उमेर भित्र यसरी वर्षमा चार पटक रगत दिएमा १७२ पटक रगत दिन सकिन्छ जसले रगतको अभाव घट्दै जाने प्रमुख ज्ञवालीले भने। पौडलले जसरी जन्मदिन रगत दिएर मनाउनाले समाजमा सवैलाइ प्रेणा पनि मिल्ने प्रमुख ज्ञवालीको जोड थियो।

गौडकोमुख-१३ स्थित वाल गोपाल सेवा समितिका अध्यक्ष डम्बरवहादुर श्रेष्ठले जीवनमा सदैव आवश्यक पर्ने रगत जन्मदिनमा संकलन गर्नु उत्तम कार्य भएको पोखरापत्रलाइ वताए। समाजसेवी एवं विकासप्रेमी सोनी ढेवाजूले समाज परिवर्तनको लागि जन्मदिन यसरी मनाउँदै जानुपर्नेमा जोड दिइन। नेपाल स्वयंसेवी रक्तदात्ता समाज कास्कीको अध्यक्ष सभापति जितेन्द्रमान शाक्यको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल औषधी व्यवसायी संघ गण्डकी प्रदेशका अध्यक्ष कृष्ण पाण्डे लगायत वोलेको कार्यक्रममा नेपाल स्वयंसेवी रक्तदात्ता समाज कास्कीका द्धित्तिय उपाध्यक्ष विरेन्द्र पराजलीले संचालन र कार्यक्रम संयोजक नरेश पौडेलले स्वागत गरेका थिए।

जन्मदिन आँफैमा रमणीय दिन हो जुन दिनमा युवा पौडेलको ३९ औं जन्मदिन जहाँ पार्टी र धेरै तरिकावाट मनाउने इच्छा हुन्छ। तर त्यस्ता इच्छाको विपरीत अगाडि बढ्न हामी सवैलाइ गाह्रो बन्दै गएको छ। तर नरेशको जन्मदनि मनाउने तरिका हरेक युवालाइ र समाजको लागि कोशे ढुङ्गा सावित हुन सक्छ।

# नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई सम्पन्न गर्न उचित बजेटको माग

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख

गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई सम्पन्न गर्न उचित बजेट व्यबस्थापन गर्न माग गरिएको छ।

नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री महेश्वर गहतराज(अथक)को बिषेश उपस्थितीमा बसेको वोर्ड बैठकमा सहभागि प्रदेश खेलकुद परिषदका सदस्य सचिवहरुले उक्त खेलकुद प्रतियोगिताको पूर्व तयारी सहितको प्रतियागिताको लागि उचित बजेट विनियोजन गर्न माग गरेका हुन्। प्रारम्भिक चरणमा प्रदेशहरुलाई करिब ५० लाखको दरले उक्त प्रतियोगिताको तयारी स्वरुप बजेट विनियोजन गर्दा उक्त रकम अघिल्लो बर्षको तुलनामा निकै कम भएको प्रदेशका सदस्य सचिवहरुले गुनासो गरेका थिए। गण्डकी प्रदेशको हकमा कम्तिमा पनि अघिल्लो बर्षको तुलनामा यस बर्ष करिब साँढे ३ करोड बजेट तयारी खर्चको लागि माग गरिएको गण्डकी प्रदेशको प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेज बहादुर गुरुङले बताए। नवौं राष्ट्रिय खेलकुदमा छेलो तथा क्यानोइङ खेल प्रर्दशन हुने भएको छ भने रग्वि खेलको प्रतियोगिता हुने भएको उनले जनाए।

आउदो जेठ २२ देखि २८ गतेसम्म हुने उक्त प्रतियोगिता अर्न्तगत करिब ३५ खेलहरु समावेसी हुने हुँदा खेलाडी छनौट, बन्द प्रशिक्षण र पूर्वाधार निर्माणमा छिट्टै सुरु गर्न मन्त्री गहतराजले निर्देशन दिए। सिमित श्रोत साधनको अधिकतम प्रयोग गरी हरेक प्रदेशले आफ्नो पहिचानको लागि आजकै मिति देखि उक्त प्रतियोगितालाई सम्पन्न गर्नको लागि तयारीमा जुट्न मन्त्री गहतराजले आग्रह समेत गरे। गण्डकी प्रदेशको राजधानि पोखरामा केन्द्रित हुने गरी राष्ट्रिय खेलकुद प्रतियोगिताको सचिवालय अब छिट्टै स्थापना हुने भएको राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले बताए।

जेठ २८ गतेबाट उक्त प्रतियोगिता संचालन गर्दा प्लस टुका बिद्यार्थीहरुलाई समेत समेट्न सकिने बैठकमा चर्चा चलेको उनले जनाए। उक्त बैठकमा मन्त्री गहतराजको साथमा मन्त्रालयका सचिव डा. दामोदर रेग्मी, राष्ट्रिय खेलकुद परिषदका उपाध्यक्ष शिव कोइराला, सदस्य सचिव टंक लाल घिसिङ, प्रदेशका प्रदेश खेलकुद परिषदका सदस्य सचिव लगायतका सरोकारवालाहरुको सहभागिता रहेको थियो।

## पुम्दीकोटमा...

ठुलास्वाँरा निवासी मेगनाथ बराल रहेका छन्।

त्यसै गरी महायज्ञमा पुम्दीकोटको होटल डम्बर प्रा.लि.बाट २ लाख ६१ हजार १ सय ११, पुम्दीकोटकै देउराली ग्रुपबाट २ लाख २७ हजार ७ सय ७७, पोखरा ६ बैदाम निवासी जमुना पहारीबाट २ लाख २५ हजार, स्याङ्जाको आधिखोला ३ स्थित ब्रतराज हरिकला प्रतिष्ठानबाट २ लाख २५ हजार रुपैया प्राप्त भएको समितिले जनाएको छ।

त्यस्तै महायज्ञमा पोखरा २२ तल्लागाँउका दील बहादुर भुजेलबाट १ लाख २५ हजार, पोखरा ६ बैदाम निवासी ज्ञानेन्द्र पहारी र इन्दीरा पहारीबाट १ लाख १ हजार १ सय ७ रुपैया प्राप्त भएको भएको सहसंयोजक बरालले बताए।

त्यस्तै पोखरा विरौटाको संकल्प आमा समुहबाट ४० हजार ८ सय ५, पोखरा १७ को नारायण फर्निचर उद्योगबाट ४० हजार, पोखरा १७ विरौटाको जाग्रिती टोल सुधार समितिबाट ३३ हजार ३ सय ३३, पोखरा १७ को घारीकुलो आमा समुहबाट ३० हजार ५० रुपैयो महायज्ञमा सहयोग प्राप्त भएको समितिले जनाएको छ।

# स्याङ्जामा दुर्घट्नाले ५६ जनाको ज्यान गयो

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ९ बैशाख

नयाँ बर्ष शुरु भएकै पहिलो साता स्याङ्जामा सडक दुर्घट्ना भएको छ। सडक दुर्घट्नामा एकै गाँउका ६ जनाले ज्यान गुमाए।

जिप चढेको ५ मिनेटमै भएको जिप दुर्घट्नामा चालक सहित केही यात्रु घाईते भए भने आमाछोरा सहित ६ जनाले ज्यान गुमाए। वालिङ नगरपालिका १२ सिर्सेकोटबाट वालिङ १३ को बाँयटारी बजार तर्फ आउदै गरेको ग १ ज ७३९९ नम्वरको महिन्द्रा जीप वालिङ १२ को फिरफिरेमा दुर्घटना भएको थियो। जिप दुर्घट्नामा परेर निधन भएपछि अहिले सिङ्गो गाँउ शोकमा डुबेको छ। यसरी हरेक बर्ष सडक दुर्घट्नाबाट नागरिकले ज्यान गुमाइरहदा यसको थप अनुसन्धान अनि न्युनीकरणमा सरकारले खासै ध्यान दिएको पाईदैन।

सिङ्गो गाँउलाई शोकमा डुबाउने गरी भएको दुर्घट्ना पनि सडक र सवारी साधनकै कमजोरीका कारण भएको अनुमान प्रहरीले लगाएको छ। चालक नै घाईते भएकाले यसको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। चार आर्थिक बर्षको सडक दुर्घट्नाको तथ्याङ्क हेर्दा स्याङ्जाको अवस्था डरलाग्दो देखिन्छ। त्यसमा पनि सबै भन्दा बढी दुर्घट्ना ग्रामिण क्षेत्रमा भएको देखिन्छ। संघिय संरचना पछि बनेका तिनतहका सरकारहरु सबै भन्दा बढी सडकको विकासलाई प्रथामिकता दिएको देखिन्छ। विकास निर्माणमा नागरिकको रोजाई सडक पहिलो बनेको कारण पनि तिनतहका सरकारहरु बजेट बिनियोजन गर्न बाध्य देखिन्छन्। बनेका सडकको स्तरोन्नती भन्दा पनि घर–घर सम्म पुग्ने सडक बनाएपछि नागरिक खुशी हुने भएपछि जनप्रतिनिधिहरुको ध्यान पनि सडके विकासमा बढी जोड हुने गर्छ। विकासका पुर्वाधार मध्ये नागरिकलाई अति आवश्यक पर्ने सडक हो। तर बिना इन्जिनियरीङ प्लानले निमाण गरिएका सडकहरु अहिले नागरिकको ज्यानमारा बन्न थालेका छन्।

स्याङ्जामा हरेक महिनाजसो हुने सडक दुर्घट्ना ग्रामिण क्षेत्र नै देखिन्छ। चार आर्थिक बर्षको तथ्याङ्क हेर्दा दुर्घट्ना संख्या र नागरिकको मृत्यूको संख्या झण्डै बराबरी देखिन्छ। जिल्ला ट्राफिक कार्यालय स्याङ्जाले दिएको जानकारी अनुसार तिन आर्थिक बर्षमा ५६ जना नागरिकले सवारी दुर्घट्नामा ज्यान गुमाएका छन्। आर्थिक बर्ष २०७५/०७६ मा १७, आ.व. ०७६/०७७ मा १८, आ.व. ०७७/०७८ मा १९ र आ.व. ०७८/०७९ बैशाख ६ गते सम्म २२ जना नागरिकले सडक दुर्घट्नामा ज्यान गुमाएको तथ्याङ्क जिल्ला ट्राफिक कार्यालय स्याङ्जा सगँ रहेको छ। सो अवधीमा सख्त घाईते ४० र साधरण घाईते १ सय ७ जना रहेका छन्।

दुर्घट्नामा चालक, सवारीसाधन र बिना प्लान इन्जिनियरीङ् प्लानबाट बनेका सडक बढी कारक देखिएको प्रहरीको अनुसन्धानबाट देखिन्छ। दुर्घट्ना न्युनिकरणका लागि बेला बेलामा ट्राफिक प्रहरीले सडक सचेतना, चालकलाई प्रशिक्षण लगायतका कार्यक्रम गरेपनि प्रभावकारी देखिएन। व्यवहारीक कठिनाई र यात्रुमा अज्ञानताका कारण पनि दुर्घट्ना हुने गरेको जिल्ला ट्राफिक प्रमुख मिनबहादुर कुँवरले बताए। प्रहरीको आँखा छल्न पाए क्षमता भन्दा बढी यात्रु बोक्ने गरेको देखिन्छ कुँवले भने,'कम जनशक्तिका बिच पनि ट्राफिक प्रहरीले यसलाई रोक्न हरदम प्रयास गरेका छौं।' चालकको लापरवाहि, यात्रुको व्यवहारीक कठिनाईले केही समस्या बनाएको छ उनले भने। राजमार्गमा भन्दा बढी ग्रामिण क्षेत्रमा दुर्घट्ना हुन थालेपछि ट्राफिक प्रहरीले बिशेष रणनीतिक योजना बनाएर अगाडी बढ्ने जनाएको छ। पुराना सवारी साधन, मर्मतमा खासै चासो नदिने भएकाले दुर्घट्नाको शिकार बन्न पुगेको बुझाई ट्राफिक प्रहरीको छ। अब स्याङ्जामा सवारी साधनको यान्त्रीक अवस्थाको निरिक्षण गर्ने तयारीमा लागेको ट्राफिक प्रमुख कुँवरले बताए।

सुरक्षित यात्रा र सुरक्षित सडक बनाउन बिशेष योजना बनाउनु पर्ने विज्ञहरुको भनाई। तिनैतहका सरकारका प्रतिनिधिहरुले यसबारेमा बेलैमा नसोच्ने हो भने गाउले सडकले धेरै नागरिकको ज्यान लिने उनीहरुको भनाई छ। यस बारे वालिङ नगरपालिकाका उपप्रमुख कल्पना तिवारीले ग्रामिण सडकमा सबै भन्दा बढी जिम्मेवार स्थानीय सरकार बन्नु आवश्यक देखिएको बताईन्। जनताको आवश्यकतालाई मध्यनजर पनि गर्नुपर्छ अनि सुरक्षित सडकको मापदण्ड पनि तयार हुनुपर्छ उपप्रमुख तिवारीले भनिन्,' नागरिकले माग गर्ने वित्तिकै बजेट छुट्टाउनु बाध्यात्मक परिस्थिती छ।' अबका स्थानीय सरकारका प्रतिनिधिले नागरिक सुरक्षित हुने सडकको मापदण्ड तयार गरेर मात्रै बजेट बिनियोज गर्नु आवश्यक छ उनले भनिन्। सगँसगै सवारी साधन, चालक र यात्रुहरुलाई पनि सचेत गराउन सकेमात्रै ग्रामिण सडकबाट नागरिकले ज्यान गुमाउन केही सहजता हुने तिवारीको भनाई छ। सबै कमजोरीका कारण सिर्सेकोटका नागरिकले ज्यान गुमाउन बाध्य भए यसमा नगरपालिका अत्यन्तै दुखि छ उनले भनिन्।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# टोल कमिटि गठनसंगै उमेदवार परिचय

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ बैशाख**



स्थानीय तहको निर्वाचनलाई लक्षित गरी पोखरा महानगरपालिका वडा नम्बर २० मा नेकपा एमालेको टोल कमिटि गठन तथा उमेदवार परिचयात्यमक कार्यक्रम सम्पन्न भएको छ।

नेकपा एमाले वडा नम्बर २० को आयोजनामा वडा भित्र रहेका विभिन्न १० वटा टोलहरुमा वडा कमिटि गठन गरी स्थानिय तहको निर्वाचनमा उमेदवार बनेकाहरुको परिचयात्मक कार्यक्रम सम्पन्न भएको नेकपा एमाले वडा नम्बर २० का सचिव तथा चुनाव प्रचार प्रसार संयोजक प्रकाश गुरुङले जानकारी दिए।

गुरुङका अनुसार साविकको भलाम र मौजा गा.वि.स. गरी विभिन्न १० वटा टोल कमिटि गठन गरिएको छ। जस अन्तर्गत साविकको भलाम १ र २ टोल कमिटिमा रमण बस्नेत, साविकको भलाम बेसी वडा कमिटिमा इन्द्र पोखल, भलाम घारी टोल कमिटिमा मन बहादुर क्षेत्री, भलाम पिपलडाली टोल कमिटिमा मुक्तिनाथ अधिकारी, भलाम खोर टोल कमिटिमा केशव सुवेदी, भलाम डाडागाउ टोल कमिटिमा धनकाजि गुरुङ, मौजा लामडाडा टोल कमिटिमा भीम बहादुर गुरुङ, मोहोरिया टोल कमिटिमा हरि प्रसाद गुरुङ, बिसाउना, युन्दुपाखा, बिजयपुर टोल कमिटिमा नवराज बास्तोला र आंटिघर, कुरागांउ टोल कमिटिमा सरोज गुरुङ (मिकी) लाई संयोजकमा चयन गरिएको छ। हरेक टोल कमिटिमा २१ देखी ३५ सदस्य रहेको चुनाव प्रचार प्रसार संयोजक प्रकाश गुरुङले जानकारी दिए। नेकपा एमालेको टोल कमिटि गठन संगै नेकपा एमालेको चुनाव प्रचार प्रसारलाई समेत तीब्र पारिने गुरुङले वताएका छन। स्थानिय हतको निर्वाचनमा पोखरा महानगरपालिका वडा नम्बर २० बाट नेकपा एमालेको तर्फबाट अध्यक्षमा गंगा बहादुर केसी, सदस्यहरुमा गञ्जमान गुरुङ, उत्तम गुरुङ, महिला सदस्यमा मीना पौडेल र दलित महिला सदस्यमा रुपा नेपाली चुनावी मैदानमा रहेका छन।

# एसइईमा घट्दै परीक्षार्थी, शिक्षामा विश्वसनीयताको प्रश्न

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, ९ बैशाख**

कोभिड महामारीका कारण विगत दुई शैक्षिक सत्र विद्यालयको आन्तरिक मूल्याङ्कनबाटै सञ्चालन भएको माध्यमिक शिक्षा परीक्षा एसईई यो वर्षबाट पुन : विगतको जस्तै परीक्षा केन्द्रहरुमार्फत् सञ्चालन हुन लागेको छ। एसईई परिक्षा संचालन, तयारी बारे शिक्षा विकास तथा समन्वय ईकाई स्याङ्जाले पत्रकार सहित सरोकारवालाहरु सगँको अन्तरक्रियामा जानकारी दिएको हो। अन्तरक्रियामा जिल्लाको शैक्षिक गतिविधि राम्रो भएपनि परिक्षार्थीको संख्या भने हरेक बर्ष घट्दोत्रममा रहेको शिक्षा समन्वयले जनाएको छ।

हरेक बर्ष परीक्षार्थीको संख्या घट्दै गैरहेको छ। गतबर्ष एसईई परीक्षाका लागि ५ हजार २ सय परीक्षार्थीले आवेदन दिएका थिए। तर यो बर्ष भने जिल्लाबाट ९६ प्राविधिक धारका, ५१ ग्रेडबृद्धि र ४ हजार ७ सय ७६ साधारणतर्फ गरी ४ हजार ८ सय २७ विद्यार्थी परीक्षामा सहभागी हुने शिक्षा समन्वयका प्रमुख गुरुप्रसाद पौडेलले जानकारी दिए। गतबर्षको शैक्षिक सत्रको तुलनामा यो बर्षको शैक्षिकसत्रमा झण्डै ५ सय विद्यार्थी कम रहेको तथ्याङ्क देखिएको छ। चार बर्षको शैक्षिकसत्रको अवस्था हेर्दा परिक्षार्थीको संख्या घट्दै जान थालेको देखिन्छ प्रमुख पौडेलले भने,' परिक्षार्थी घट्नुको कारण बढी बसाईसराई र जन्मदर घट्नु पनि हो।' अब जिल्लामै प्राविधिक कलेज, आधुनिक शिक्षालयहरु स्थापना सगै शैक्षिक गतिविधिमा विश्वसनीयता बढाउन सके परिक्षार्थीहरु घट्नेक्रम रोक्न मदत् मिल्छ उनले भने। २०७५ को शैक्षिकसत्र देखि २०७८ को शैक्षिकसत्र सम्म आईपुग्दा झण्डै एकहजार विद्यार्थी एसईईमा घट्दै आएको देखिएको छ।

एसईई सञ्चालनको जिम्मेवारी पाएको शिक्षा विकास तथा समन्वय ईकाई स्याङ्जाले यो वर्षको लागि जिल्लामा तय भएको परीक्षा केन्द्र सार्वजनिक गर्दै ३५ वटा परीक्षा केन्द्रहरुबाट परीक्षा दिने व्यवस्था गर्न लागिएको जनाएको छ। आगामी वैशाख ९ बाट २० गतेसम्म देशैभर एकसाथ सञ्चालन हुन लागेको परीक्षामा स्याङ्जाबाट करिब ४ हजार ८ सय विद्यार्थीहरु सहभागी हुदैछन्। सरकारले एसईईलाई केन्द्रको जिम्मेवारीबाट प्रदेशलाई हस्तान्तरण गर्ने बताईरहेपनि कानुन अभावमा यो वर्षको परीक्षा राष्ट्रिय परीक्षा बोर्डमार्फत् सञ्चालन हुन लागेको शिक्षा विकास तथा समन्वय ईकाई स्याङ्जाका प्रमुख पौंडेलले बताए। कोभिड महामारी र स्थानीय निकायको नजिकिँदो निर्वाचनबीच सञ्चालन हुन लागेको एसईई परीक्षामा यो वर्षबाट उत्तिर्ण हुन ३५ % अनिवार्य गरिएको उनले जानकारी दिए।

ईकाई प्रमुख पौंडेलका अनुसार विद्यालयबाट विगत दुई वर्षमा भएका आन्तरिक मूल्याङ्कनको स्तरीयतामा प्रश्न उठेका कारण केन्द्रहरुबाटै परीक्षा सञ्चालन गर्न लागिएको हो। विद्यालयले नै परिक्षा संचालन गर्दा धैरै जनशक्ति लाग्ने र परीक्षाको स्तरीयतामा प्रश्न उठेका कारण केन्द्रमै गर्ने भन्ने छ पौंडेलल भने, 'रोगको संक्रमणका बेला विद्यालयमा गर्दा राम्रो नतिजा आएन भन्ने गुनासो आयो।' परीक्षा र सम्परीक्षण स्तरीय नभएको गुनासो पछि परीक्षा केन्द्रहरुबाटै सञ्चालन गर्ने निर्णय भएको हो उनले भने। प्याब्सन स्याङ्जाका अध्यक्ष मेघराज गैह्रेले भने केन्द्रले गरेको सबै ठिक हुन्छ स्थानीयस्तरले गर्दा नराम्रो भन्ने मानसिकताले त शिक्षा प्रणाली कसरी सुध्रिन्छ र ? हामीले विद्यालय, शिक्षक र स्थानीय तहलाई जिम्मेवार बनाउने हो उनले भने। परिक्षा प्रणाली र विद्यार्थी संख्या बढाउन स्थानीयतहलाई जिम्मेवार बनाउन आवश्यक देखिएको तर्क अध्यक्ष गैह्रेको छ।

# आचारसंहिता पालनामा दलहरु जिम्मेवार बन्नुपर्छ

**पोखरापत्र संवाददाता**
**बागलुङ, ९ बैशाख**

बागलुङका दशवटै स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएका छन्। सदरमुकाम बागलुङ बजारमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भएकै दिन सबै स्थानीय तहमा निर्वाचन अधिकृत पुगेका हुन्।

मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापनासँगै यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनको सरगर्मी बढेको छ। कार्यालय स्थापनासँगै मुख्य निर्वाचन अधिकृत वासुदेव न्यौपानले बुधबार नै सरोकारवाला पक्षसँग निर्वाचन आचारसंहिता र निर्वाचनका कार्यक्रमलगायतका विषयमा छलफल थाल्नुभएको छ।

राजनीतिक दलका प्रमुखसँग छलफल गर्दै न्यौपानेले निर्वाचन शान्तिपूर्ण र भयरहित बनाउने जिम्मेवारी दलहरुकै भएको बताउनुभयो। आचारसंहिता कार्यान्वयनमा दलहरु जिम्मेवार नभए निर्वाचन शान्तिपूर्ण हुन नसक्ने उहाँको तर्क थियो। "निर्वाचन आचारसंहिता आफ्ना लागि दलहरु आफैँले बनाएको हो, दलहरु नै यसको कार्यान्वयनमा जिम्मेवार बन्नुपर्छ", उहाँले भन्नुभयो, "हामी कर्मचारीले निगरानी गरेर मात्रै कार्यान्वयन हुने विषय होइन।" बुधबार नै पत्रकारसँग छलफल गर्दै न्यौपानेले सही सूचना सम्प्रेषणमा ध्यान दिन आग्रह गर्नुभयो। गलत सूचनाका कारण भय र द्वन्द्वको वातावरण सिर्जना हुनसक्ने भन्दै उहाँले निर्वाचनमा सफल बनाउने जिम्मेवारी सबैको भएको बताउनुभयो।

# किसानलाई सधैँ मल अभाव

**-तारानाथ आचार्य**
**बागलुङ, ९ बैशाख**

मकै खेतमा रासायनिक मल (डिएपी) हाल्ने बेला भएको छ। गोडमेल गर्ने बेलामा डिएपी मल हालिसक्नुपर्छ। तर बागलुङका किसानले डिएपी नपाएर भौंतारि नुपरेको छ। मलबिनै मकै खेती गरेका यहाँका किसान अहिले पनि उस्तै समस्यामा छन्।

मकैको गोडमेल गर्ने बेलामा आवश्यक डिएपी मलको अभाव हुँदा यहाँका किसान मर्कामा परेका छन्। सिँचाइ सुविधा भएका बागलुङका फाँटमा मकैको गोडमेल गर्ने बेला भएको छ। किसानले डिएपी मल नपाएको गुनासो गर्न थालेका छन्।

हिउँदे बालीमा रासायनिक मलको कम खोजी गर्ने यहाँका किसानले मकै र धानबालीका लागि भने मलको खोजी गर्ने गरेका छन्। पहिलो गोडमेलको समयमा मकैको बिरुवामा प्रयोग गर्दै आएको रासायनिक मल किसानले बजारमा नपाएका हुन्। "बजारमा पनि मल पाइएन, यता सहकारीहरूमा पनि मल छैन भन्छन्", किसानहरु भन्छन्, "मल नपाउँदा मकै बाली बिग्रिन लागेको छ।" खेतीपातीका बेला जहिले पनि मलको अभाव हुँदा किसान समस्यामा पर्ने गरेका छन्। साल्ट ट्रेडिङ कर्पोरेशन डिपो कार्यालय बागलुङका अनुसार भदौ महिना यता डिएपी मल डिपोमा आएको छैन। "हामीले मकै गोडमेल गर्ने बेला मल पाएनौँ, सधैँ ल्याउने सहकारीले यो पटक गाउँमा मल ल्याएको छैन", जैमिनी नगरपालिका-१ कुश्मीशेराका किसान गणेश पौडेलले भन्नुभयो, "यो पटक मल नराखी गोडमेल गर्नुपर्ने भो, मकै पसाउँछ कि पसाउँदैन थाहा छैन।"

कर्पोरेशनले कृषि विज्ञको सल्लाहका आधारमा सिङ्गल सुपर फसफेट मल भने वितरण गर्दै आएको छ। यो मलमा नेपाल सरकारको अनुदान छैन। "हामीले विकल्पका रुपमा सिङ्गल सुपर फसफेट किसानलाई उपलब्ध गराइरहेका छौँ, यो मल तीन वटा फ्लेबरमा हुन्छ, सबै फ्लेबरको अभाव छैन, तर डिएपी आउन अझै एक महिना लाग्ने सूचना पाएको छु", डिपो कार्यालयका प्रमुख मनोज श्रेष्ठले भन्नुभयो, "युरिया मल भने बेलैमा मौज्दात राखेकाले अहिलेलाई अभाव छैन तर किसानले मागेको जति पाएका छैनन्।" वैकल्पिकरुपमा प्रयोगमा ल्याइएको सिङ्गल सुपर फसफेट डिएपीभन्दा सोही परिणामको उत्पादन लिनका लागि दोब्बर प्रयोग गर्नुपर्ने हुन्छ। "डिएपी एकमात्रा दिनुपर्ने ठाउँमा सिङ्गल सुपर फसफेट दुई मात्रा दिनुपर्ने हुन्छ", कृषि ज्ञानकेन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले भन्नुभयो, "प्रतिकिलो मूल्यमा सिङ्गल सुपर फसफेट सस्तोमा पाइन्छ तर किसानको उत्पादन लागत बढ्ने हुन्छ।"

डिएपीमा फस्फोरसको मात्रा ४६ प्रतिशत र सिङ्गल सुपर फसफेटमा फस्फोरसको मात्रा १६ प्रतिशत मात्रै हुने भएकाले फस्फोरसको मात्रा बराबर गर्न दोब्बर प्रयोग गर्नुपर्ने उहाँको भनाइ छ। "मकैमा त्यति धेरै रासायनिक मलको आवश्यकता पर्दैन, घरायसी मल प्रशस्त प्रयोग गर्दा पनि हुन्छ", प्रमुख भट्टराईले भन्नुभयो, "प्रयोग गरिरहेको ठाउँमा प्रयोग नगर्दा एक पटकका लागि उत्पादनमा कमी आउने हुन्छ।"

बागलुङका अधिकांश पालिकाले मकै पकेट कार्यक्रम सञ्चालन गरिरहेका छन्। उन्नत जातको मकै र मकैको बीउ उत्पादनको कार्यक्रमसमेत रहेको बागलुङमा रासायनिक मलको अभावले उत्पादनमा क्षति गर्ने कृषि प्राविधिक बताउँछन्।

"मलकै अभाव कहिलेसम्म झेल्नुपर्ने हो ?" किसान गणेश पौडेलले भन्नुभयो, "आवश्यकताभन्दा न्यून कोटामा मल आउने भएकाले जहिले पनि हाहाकार हुने गरेको हो।" आवश्यकताभन्दा रासायनिक मलको आपूर्ति अत्यन्त न्यून हुने गरेको कृषि ज्ञानकेन्द्र बागलुङले जनाएको छ। केन्द्रका प्रमुख भट्टराईले भन्नुभयो, "यो अभाव भइरहन्छ, रासायनिक मलको विकल्पमा प्राङ्गारिक मलमा केन्द्रित हुनुपर्छ।"

# जिम्बावेविरुद्धको खेलका लागि राष्ट्रिय टोली घोषणा

**रासस**
**काठमाडौं, ९ बैशाख**

नेपाल क्रिकेट सङ्घ (क्यान)ले जिम्बावेविरुद्ध तीन एकदिवसीय र तीन टी ट्वान्टी क्रिकेट खेलका लागि शुक्रबार राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरेको छ।

क्यानले उक्त प्रतियोगिताका लागि सन्दीप लामिछानेको कप्तानीमा २३ सदस्यीय राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरेको हो। कप्तान लामिछानेसँगै नेपाली टोलीमा दीपेन्द्रसिंह ऐरी, कुशल भूर्तेल, आरिफ शेख, आसिफ शेख, रोहित पौडेल, विनोद भण्डारी, करण केसी, सोमपाल कामी, देव खनाल, किशोर महतो र अदिल अन्सारी छन्। त्यसैगरी भीम सार्की, सुशन भारी, पवन सरार्फ, अभिनाश बोहरा, बासिर अहमद, लोकेश बम, विवेक यादव, साहब आलम, सागर ढकाल, विक्रम सोब र सुनिल धमला रहेका छन्।

नेपाल र जिम्बावे 'ए' बीचको सिरिज यही वैशाख १७ गतेदेखि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुनेछ। एकदिवसीय सिरिज वैशाख १७ देखि २१ सम्म चल्नेछ भने टी-ट्वान्टी सिरिज वैशाख २३ देखि २६ गतेसम्म चल्नेछ।

# गणेशमान सिंह स्मृति बक्सिङ : सौगात र पुरन सेमिफाइनलमा

**रासस**
**काठमाडौं, ९ बैशाख**

गण्डकी प्रदेशका सौगात कुमाल र एपीएफ क्लबका पुरन राई गणेशमान सिंह स्मृति राष्ट्रिय बक्सिङ प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्। दुवै जनाले पुरुष ५७ किलो तौल समूहमा प्रतिद्वन्द्वीलाई उछिन्दै सेमिफाइनलको यात्रा तय गरेका हुन्।

वीर गणेशमान सिंह स्पोर्ट्स कमिटीद्वारा आयोजित प्रतियोगिताको क्वाटरफाइनलमा कुमालले मधेश प्रदेशका अमन अली तथा राईले लुम्बिनी प्रदेशका निशम घर्ती मगरलाई पराजित गरेका हुन्। पुरुष ५२ किलोमा मधेसका मदनकृष्ण डङ्गोलले सुदूरपश्चिम प्रदेशका सन्दिप नाथ तथा एपीएफ क्लबका प्रदीप महर्जनले बाग्मती प्रदेशका रोहित महर्जनलाई हराउँदै सेमिफाइनल प्रवेश गरे। यस्तै पुरुष ६३ किलोतर्फ नेपाली सेनाका पुरन सुनुवारले बागमतीका मौसम राना मगरलाई तथा लुम्बिनीका अनिल पुन मगरले सुदूरपश्चिमका महेन्द्र चन्दलाई पराजित गर्दै सेमिफाइनलको यात्रा तय गरे। बसन्तपुर डबलीमा जारी प्रतियोगिताको पुरुष ६९ किलोतर्फ सेनाका दानबहादुर दर्लामीले लुम्बिनीका विकास राना मगरलाई हराए। सोही तौल समूहमा बागमतीका शिरीश खनालले प्रदेश १ का अभिनय राईबाट वाकओभर पाएर सेमिफाइनल प्रवेश गरे। यसैगरी पुरुष ७५ किलोमा कर्णालीका दिलराज भण्डारीले सुदूरपश्चिमका भूपेन्द्र बिसी तथा प्रदेश १ का सनम गुरुङले गण्डकीका निसान गुरुङलाई हराउँदै सेमिफाइनलमा स्थान बनाए। पुरुष ८१ किलोमा बागमतीका रोशन स्याङ्तान र सुदूरपश्चिमका श्यामबहादुर महता सेमिफाइनलमा प्रवेश गरेका छन्। स्याङ्तानले मधेशका किरण लामा तथा महताले गण्डकीका मनिष बिसीलाई हराए। पुरुष ९१ किलोतर्फ आर्मीका गणेश प्रधानले सुदूरपश्चिमका दिनेश भट्टलाई तथा प्रदेश १ का प्रसिश रुचालले बागमतीका उमङ्ग महर्जनलाई पराजित गरी सेमिफाइनलमा प्रवेश गरे। यस्तै महिला ५१ किलोमा आर्मीकी मीनु गुरुङ र लुम्बिनीकी माया खत्री केसी सेमिफाइनल प्रवेश गरेका छन्। गुरुङले बागमतीकी अस्मिता दुवाल तथा केसीले सुदूरपश्चिमकी सोनिया सेठ्ठीलाई हराइन्। महिला ५७ केजीतर्फ नेपाल प्रहरीकी निशा तामाङले मधेशकी सुमिना खड्कालाई तथा प्रदेश १ की सुस्मिता राईले गण्डकीकी सिमा गुरुङलाई पराजित गरिन्। दुवै जना सेमिफाइनल प्रवेश गरेका छन्। यसैगरी महिला ६० किलोतर्फ एपीएफ क्लबकी सङ्गीता सुनारले प्रदेश १ की सम्झना देउलाबाट वाकओभर पाउँदै सेमिफाइनल पुगिन्। महिला ६९ किलोतर्फ लुम्बिनीकी जुनमाया थारुले कर्णालीकी अस्मिता चन्दलाई पराजित गर्दै सेमिफाइनल प्रवेश गरेकी छिन्।

# सवा अर्बको मास्क र स्यानिटाइजर आयात

**रासस**
**काठमाडौं, ९ बैशाख**

चालु आर्थिक वर्षको नौ महिनामा मास्क र स्यानिटाइजर आयातका लागि सवा अर्ब बढी नेपाली रुपैयाँ बाहिरिएको छ। भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०७८/७९को पहिलो नौ महिनामा मास्क र स्यानिटाइजर आयातका लागि रु एक अर्ब २२ करोड २९ लाख ३९ हजार बाहिरिएको हो।

तथ्याङ्कअनुसार नौ महिनाको अवधिमा रु एक अर्ब आठ करोड ७५ लाख ४० हजार बराबरको फेस मास्क र रु १३ करोड ५३ लाख ९९ हजार बराबरको स्यानिटाइजर आयात भएको छ। नेपालमा विभिन्न ३७ देशबाट १३ करोड ९८ लाख ३८ हजार वटा मास्क आयात भएको छ। मास्क आयातबाट सरकारले रु आठ करोड ७६ हजार बराबर राजश्व सङ्कलन गरेको छ।

सो अवधिमा सबैभन्दा बढी चीनबाट मास्क आयात भएको छ। चीनबाट एक करोड ३५ लाख ३९ हजार वटा मास्क आयातका लागि ८२ करोड ६४ लाख ६९ हजार नेपाली रुपैयाँ बाहिरिएको छ भने सरकारले रु छ करोड ८९ लाख ३४ हजार राजश्व सङ्कलन गरेको छ। चीनपछि डेनमार्कबाट रु १३ करोड ७३ लाख २० हजार बराबरको एक लाख २० हजार वटा मास्क आयात भएको छ। नेपालले अष्ट्रेलिया, अष्ट्रिया, बङ्गलादेश, बेल्जियम, चीन, डेनमार्क, इस्टोनिया, फ्रान्स, जर्मनी, हङकङ, हङ्गेरी, भारत, इन्डोनेसिया, इराक, इजरायल, जापान, दक्षिण कोरिया, कुवेत, मलेसिया, म्यानमार, फिलिपिन्स, कतार, सिङ्गापुर, दक्षिण अफ्रिका, स्पेन, श्रीलङ्का, स्वीट्जरल्याण्ड, ताइवान, थाइल्याण्ड, युएई, बेलायत, अमेरिका, भियतनाम, नामिबियालगायत देशबाट फेस मास्क खरिद गरेको हो।

नौ महिनाको अवधिमा रु १३ करोड ५३ लाख बराबरको ह्यान्ड स्यानिटाइजरको आयात भएको छ। विभिन्न दश देशबाट छ लाख ५६ हजार ७५३ किलोग्राम स्यानिटाइजर आयात हुँदा सरकारले रु दुई करोड ३९ लाख ९७ हजार राजश्व सङ्कलन गरेको छ।


## आर्कषक घडेरी बिक्रीमा

**लेखनाथ–३१ महोरिया बेगनास ताल नजिक अवस्थित आकर्षक घडेरी बिक्रीमा छ।**

**क्षेत्रफलः १८ X ४० को प्रति हात**
**२ लाख ६० हजार**
**३० X ४० को प्रति हात**
**२ लाख ५० हजार**

**सम्पर्कः**
**९८१६१३४९६३**


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शारीरिक झमेला | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : मन चञ्चल |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# मनाङमा निर्वाचनको तीव्र तयारी

**–नवीन लामिछाने**
**काठमाडौं, ९ बैशाख**

यही वैशाख ३० गते हुने स्थानीय निर्वाचनका लागि हिमालपारिको जिल्ला मनाङमा मुख्य निर्वाचन अधिकृतसँगै निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।

जिल्लाको चामे गाउँपालिका पनि हेर्नेगरी बिहीबार मुख्य निर्वाचन अधिकृतको कार्यालयसहित जिल्लामा अन्य तीन वटा पालिकामा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो।

जिल्ला अदालत मनाङको कार्यालयमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ। कार्यालय स्थापना कार्यक्रममा मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश पुनाराम खनालले निष्पक्ष, स्वतन्त्र र भयरहित तरिकाले निर्वाचन गराउनका लागि कार्यालय प्रतिबद्ध रहेको बताउनुभएको छ।

उहाँ भन्नुहुन्छ, "हामीसँगै सबैले आआफ्नो क्षेत्रबाट निर्वाचनमा सहयोग गर्न जरुरी छ। सबैको सहयोगको अपेक्षा गरेका छौँ", जिल्लाका अन्य तीनवटै पालिकामा पनि बिहीबारै निर्वाचन कार्यालय स्थापना गरिएको उहाँले बताउनुभयो । शान्त र भयरहित तरिकाले निर्वाचन गराउनका लागि प्रतिबद्ध रहेको प्रमुख जिल्ला अधिकारी रविन्द्रप्रसाद आचार्यले बताउनुभयो । निर्वाचनमा सहभागी सबैको सुरक्षाको प्रत्याभूति हुनेगरी जिल्लामा सुरक्षा योजना बनाएको उहाँले बताउनुभएको छ । निर्वाचन आयोगले जिल्ला अदालतका न्यायाधीश पुनाराम खनाललाई जिल्लाको मुख्य निर्वाचन अधिकृतको जिम्मेवारी तोकेको छ । आयोगले नासों गाउँपालिकाका लागि जिल्ला अदालतका श्रेस्तेदार तारादत्त बडू, नार्पाभूमि गाउँपालिकाका लागि सरकारी वकिल कार्यालयका दिनेशकुमार रेग्मी र डिस्याङ गाउँपालिकाका लागि सरकारी वकिल कार्यालयका केदारनाथ उपाध्यायलाई निर्वाचन अधिकृत तोकेको छ। जिल्लाको चारवटै पालिकामा स्थापना भएको निर्वाचन अधिकृत कार्यालयमा आवश्यक सुरक्षार्थका निकायहरु खटाइसकेको छ । निर्वाचनका लागि जिल्लामा २०० कर्मचारी खटाइनेछ।

यही वैशाख ३० मा गते हुने स्थानीय तहको निर्वाचनका लागि जिल्लामा २८ वटा मतदानस्थललाई नै केन्द्र निर्धारण गरिएको छ। जिल्लामा कूल छ हजार ४९६ मतदाता छन्। ती मतदातामध्ये तीन हजार ३४८ महिला र तीन हजार १४८ पुरुष मतदाता रहेको निर्वाचन कार्यालयले जनाएको छ।

जिल्लाको चार स्थानीय तहमध्ये नार्पाभूमि गाउँपालिकामा महिला २५०, पुरुष १९८ जना गरी कूल ४४८ मतदाता रहेका छन्। चामे गाउँपालिकामा महिला ३६८, पुरुष ३४३ जना गरी कूल ७११ जना, नाँसो गाउँपालिकामा महिला ९४५, पुरुष ८५७ जना गरी कूल एक हजार ८०२ जना रहेका छन्। यस्तै मनाङ डिस्याङ गाउँपालिकामा महिला एक हजार ७८५, पुरुष एक हजार ७५० जना गरी तीन हजार ५३५ मतदाता सङ्ख्या रहेका छन् । मनाङ देशभरको सबैभन्दा कम मतदाता रहेको जिल्ला हो । विकट र थोरै जनसङ्ख्या रहेको जिल्ला हो।

नेपाली कांग्रेस मनाङले पाँच दलीय गठबन्धनको निर्णयानुसार मनाङ जिल्लामा गठबन्धन गरेर जाने निर्णय गरेको छ। काठमाडौँमा बसेको कांग्रेस र माओवादी केन्द्रका नेताको बैठकमा स्थानीय तह, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा गठबन्धन गर्ने सहमति भएको मनाङ कांग्रेसका सभापति शङ्कर गुरुङले जानकारी दिनुभयो । जिल्लामा चार वटा गाउँपालिका छन्। एउटा प्रतिनिधिसभा र दुई प्रदेशसभा छन्।

कांग्रेसका केन्द्रीय सदस्य टेकबहादुर गुरुङले मनाङमा गठबन्धनका दल मिलेर जाने भएपछि कुनै समस्या नरहेको बताउनुभएको छ। गठन्धन गर्ने विषयमा माओवादी केन्द्रका नेता एवं पूर्वमन्त्री देवप्रसाद गुरुङले पनि सहमति जनाएका छन् । कांग्रेस र माओवादीले नेकपा (एकीकृत समाजवादी) लाई पनि सँगै लैजाने सहमति गरेका छन्।

स्थानीय तहको निर्वाचनका लागि जिल्लामा छ वटा मान्यता प्राप्त दलबाहेक थप पाँच वटा दल दर्ता भएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नेकपा समाजवादी पार्टी, सामाजिक एकता पार्टी र उन्नत लोकतान्त्रिक पार्टी दर्ता भएका हुन्।

जिल्लामा छिमेकी जिल्ला लमजुङबाट म्यादी प्रहरी ल्याइएको छ । यहाँ मागभन्दा कम सङ्ख्यामा म्यादी प्रहरीमा भर्ना भएपछि छिमेकी जिल्ला लमजुङबाट ८३ म्यादी प्रहरी ल्याइएको जिल्ला प्रहरी कार्यालय मनाङका प्रहरी नायब उपरीक्षक प्रेमसागर केसीले बताउनुभयो । उहाँका अनुसार यहीँ वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि जिल्लामा २५८ म्यादी प्रहरी आवश्यक थियो। तर यहाँ १४२ जनाको मात्रै भर्ना भएका पछि लमजुङबाट ८३ जना म्यादी प्रहरी ल्याएको हो । जिल्लामा चैत ६ देखि ११ गतेसम्म निवेदन लिने समय रहेकामा मागभन्दा कमले आवेदन दिएका थिए।

यहाँ माग सङ्ख्याभन्दा कमको आवेदन परेपछि विगतको निर्वाचनमा पनि छिमेकी जिल्लाबाट ल्याएर माग पूर्ति गर्नुपर्ने अवस्था रहँदै आएको छ।

# मतदाता नामावलीमा थपघट वा हेरफेर नहुने

**रासस**
**काठमाडौं, ९ बैशाख**

निर्वाचन आयोगले अद्यावधिक भइसकेको मतदाता नामावलीमा अब थपघट र हेरफेर नहुने स्पष्ट गरेको छ। आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलले आज विज्ञप्ति जारी गरी निर्वाचन अवधिमा मतदाता नामावलीसम्बन्धी कुनै पनि कार्य सम्पादन नहुने उल्लेख छ।

यही वैशाख ३० गतेका लागि नेपाल सरकारबाट स्थानीय तहको निर्वाचनको मिति घोषणा भएकाले आयोगबाट नियमित हुँदै आएको मतदाता नामावली सङ्कलन कार्य मतदाता नामावली ऐन, २०७३ बमोजिम निर्वाचनको मिति घोषणा भएपछि सो निर्वाचनको प्रयोजनको लागि मतदाता नामावलीमा नाम दर्ता नगरिने भएकाले सो कार्य गत माघ २५ गतेदेखि स्थगन भएको थियो।

अन्तिम मतदाता नामावली प्रकाशन भएपछि पनि मतदाता नामावली सार्न र सच्याइ पाउँ भन्ने निवेदन आइरहेको सन्दर्भमा मतदाता नामावली ऐन, २०७३ को दफा २१ बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन भएपछि नामावलीमा हेरफेर, थपघट गर्न वा सच्याउन नपाइने कानूनी व्यवस्था भएकाले मतदाता नामावली थपघट गर्न, हेरफेर गर्नेलगायत कार्य नितान्त आयोगको क्षेत्राधिकारभित्र रहेकाले सो ऐनको दफा २९ बमोजिम कुनै अदालतमा प्रश्न उठाउन नपाइने पनि आयोगले जनाएको छ। मतदाता नामावली सङ्कलनकार्य स्थगन भए पश्चात् आयोगबाट मतदाता नामावली अद्यावधिक कार्यक्रम स्वीकृत भई गत फागुन १९ देखि २६ गतेसम्म मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन भएकोमा उक्त अवधिमा नामावलीमा भएको त्रुटि सच्याउने, दोहोरो नामावली भएको भए हटाउन निवेदन दिने, एकाघर परिवारका सदस्यको मृत्यु भएको भए हटाउन निवेदन दिन आह्वान गरिएको थियो । सोही अवधिमा एकै वडाका दुई वा दुईभन्दा बढी मतदान स्थल भएकोमा पायक पर्ने मतदान स्थलमा नाम सार्न निवेदन दिन सकिने, कुनै दावी विरोध भए सोसम्बन्धी निवेदनलगायत कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यका लागि अनलाइनबाट समेत निवेदन दिने सुविधा प्रदान गरिएको थियो । मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्पन्न भएपश्चात् आयोगबाट गत चैत १३ गते दोहोरो नामावली हटाउनेलगायत प्रक्रिया पूरा गरी अन्तिम मतदाता नामावली प्रकाशन भएको थियो।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ को प्रयोजनको लागि आयोगले गत चैत १३ मा प्रकाशन गरिएको अन्तिम मतदाता नामावलीमा कुनै संशोधन वा परिमार्जन वा थपघट वा हेरफेर गर्न वा सच्याउन नसकिने भएकाले स्थानीय तहको निर्वाचन सम्पन्न भएपश्चात् मतदाता नामावली सङ्कलन र अद्यावधिकको कार्य पुनः सुचारु भएपछि मतदाता नामावलीमा नाम दर्ता गर्न, त्रुटि सच्याउन, हटाउन, ठाउँ सार्न बाँकी रहेका व्यक्तिले सम्बन्धित निर्वाचन कार्यलयमा गई दर्ता गर्ने, त्रुटी सच्याउनेलगायत कार्य गर्न सकिने विज्ञप्तिममा जनाइएको छ।

# नेपालले एसियाडको २३ खेलमा सहभागिता जनाउने

**रासस**
**काठमाडौं, ९ बैशाख**

चीनको होङझाउमा आगामी भदौ २५ देखि असोज ९ गतेसम्म आयोजना हुने १९औँ संस्करणको एसियाली खेलकुद (एसियाड) मा नेपालले २३ खेलमा सहभागिता जनाउने भएको छ।

सिंहदरबारस्थित युवा तथा खेलकुद मन्त्रालयमा युवा तथा खेलकुदमन्त्री तथा राष्ट्रिय खेलकुद परिषद् (राखेप)का अध्यक्ष महेश्वरजङ्ग गहतराजको अध्यक्षतामा आज बसेको बोर्ड बैठकले एसियाली खेलकुदमा सभागिता जनाउने खेल सङ्ख्या तय गरेको हो।

एसियाली खेलकुदमा समावेश गरिने खेलमा तेक्वान्दो, कराते, बक्सिङ, एथ्लेटिक्स, साइक्लिङ, महिला फुटबल, गल्फ, कुस्ती, भारत्तोलन, जुडो र ट्रायथलन रहेको छ । उसु, आर्चरी, बास्केटबल, महिला कबड्डी, फेन्सिङ, महिला ह्याण्डबल, टेबल टेनिस, महिला भलिबल, पुरुष क्रिकेट, सुटिङ, पौडी र ब्याडमिन्टन खेललाई समावेश गरिने भएको छ । यस्तै ओलम्पिक नतिजाको आधारमा सुटिङ, विश्व वरीयताको आधारमा ब्याडमिन्टन र टी-२० विश्वकप खेलेको आधारमा क्रिकेट समावेश गर्न लागिएको राखेपका सदस्य सचिव टङ्कलाल घिसिङले बताउनुभयो। उहाँले दुई वर्षअघि नेपालमै सम्पन्न तेह्रौं दक्षिण एसियाली खेलकुदमा उत्कृष्ट खेल प्रर्दशन गरेको खेललाई एसियाडमा प्राथमिकता दिएको बताउनुभयो।

एसियाली खेलकुदका लागि अबको १० दिनभित्र खेलाडी छनोट गर्न राखेपले निर्देशनसमेत दिएको छ। एसियाली खेलमा २३ वटा खेलमा नेपालबाट १५० खेलाडी, २८ प्रशिक्षक र २० जना व्यवस्थापक रहने अनुमान गरिएको छ। त्यसैगरी बैठकले आगामी जेठ २२ देखि २८ गतेसम्म गण्डकी प्रदेशमा आयोजना हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ३६ खेल समावेश गर्ने निर्णय गरेको छ । उक्त प्रतियोगितामा दुई खेल प्रर्दशनीमा राखिने निर्णय भएको छ। जसमा एथलेटिक्स, ब्याडमिन्टन, टेबल टेनिस, क्रिकेट, फुटबल, टेनिस, हक्की, बक्सिङ, भलिबल, जिम्नास्टीक, कबड्डी, भारत्तोलन, सुटिङ, पौडी, ह्याण्डबल, जुडो, कुस्ती, सफ्ट टेनिस, स्क्वास र तेक्वान्दो रहेको छ । त्यस्तै उसु, बास्केटबल, शारीरिक सुगठन, बुद्धिचाल, खो खो, कराते, फुटबल फुलकन्ट्याक्ट कराते, आइटिएफ तेक्वान्दो, सेपाकताक्रो, गल्फ, आर्चरी, साईक्लिङ, फेन्सिङ, ट्रायथोलन र प्याराग्लाईडिङ खेलालाई समावेश गर्ने निर्णय गरेको छ। बैठकले छेलो र क्यानोइङलाई प्रदर्शनी खेलको रूपमा नवौं राष्ट्रिय खेलकुदमा समावेश गरेको छ।



एसइई परीक्षामा सहभागी विद्यार्थीः तनहुँको भानु नगरपालिका-७ चुँदीस्थित चन्द्रावती माध्यमिक विद्यालय परीक्षा केन्द्रमा शुक्रबार एसइई परीक्षा दिँदै विद्यार्थी । एसइई परीक्षामा तनहुँका छ हजार १८५ विद्यार्थी सहभागी छन् । तस्वीर : कृष्ण न्यौपाने/रासस

# बाली संरक्षण गर्न रुख काट्ने अभियान

**पोखरापत्र संवाददाता**
**बलेवा, ९ बैशाख**

बागलुङको काठेखोला गाउँपालिकाको वडा नं ५ मा अन्नबाली र फलफूलखेती विस्तार गर्न रुख काट्ने अभियान सुरु गरिएको छ । गाउँपालिकाले डेढ वर्षअघि गरेको निर्णयानुसार खेतीपातीलाई असर पर्ने रुख कटान गर्न थालिएको हो।

सुन्तला लगायतका बालीमा असरपर्ने १० मिटर वरिपरिका रुख काट्न थालिएको वडा नं ५ का अध्यक्ष शिवप्रसाद कँडेलले बताउनुभयो । रुख काटेपछि अन्नबालीको उत्पादन बढाउन सकिने स्थानीयवासी टीकाराम सापकोटाले बताउनुभयो। उहाँको बारीमा उम्रेका अनुत्पादक रुख काटेर अहिले धान, गहुँ र मकै लगाउने गरिएको छ । यहाँका किसानले बारीमा अदुवा र बेसार जातको खेतीसमेत गरेका छन्।

यसअघि वडा नं ६ मा अनुत्पादक रुख काटेर सुन्तलाका बिरुवा हुर्काउने चलन सुरु भएको थियो। यो अभियानबाट किसानले बढी फाइदा लिन थालेपछि वडा नं ५ को माथिल्लो बिहुँमा पनि अभियानकै रूपमा रुख काट्न थालिएको हो। "काठ बन्ने ठूला प्रकारका रुख काटेका छैनौँ", वडाध्यक्ष कँडेलले भन्नुभयो, "अन्नबाली र फलफूलबाट बढी फाइदा लिन सकिने स्थानका रुख मात्रै काटेका हौँ।" यसरी रुख काट्दा बस्तीमा बाँदरको समस्या पनि कम हुने किसानले बताएका छन्। जिल्लाका अन्य पालिकामा पनि फलफूल र तरकारीसमेत लगाउने बारीमा रुख काट्ने अभियान चलेपछि गाउँ रमाइला देखिन थालेका छन्। बागलुङ-६ को सिम गाउँमा पनि यस्तै अभियान चलेको छ। पहिला सदरमुकामबाट जङ्गल मात्रै देखिने यो गाउँका रुख काटेपछि उघारो देखिन्छ। सिमका किसानले पनि रुख काटेपछि बारीमा व्यावसायिक रूपमा तरकारीखेती लगाउन थालेका छन् । मध्यपहाडी लोकमार्गको छेवैमा रहेकाले बिहुँमा भने यातायातमा पनि सहज अवस्था आएको छ । घुम्तीमा विपरीत दिशाबाट आएका सवारीसमेत नदेखिने समस्या अहिले हट्न थालेको हो । वडा नं ५ को रिजालचोकदेखि घोडाबाँधेहुँदै भ्यूटावर जाने सडक खण्डमा पनि केही रुख काट्नुपर्ने अवस्था परेको स्थानीयवासीले बताएका छन् । रुख फँडानीका लागि टोल-टोलमा समिति गठन गरिएको वडा नं ५ को मिलन चोकका प्रेम श्रीषले जानकारी दिनुभयो । रुख कटानका लागि यहाँका किसानले मेसिन खरिद गरेर ल्याएका छन्।

# म्याग्दीमा वडाध्यक्षमा एक मात्र महिला उम्मेदवार

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ९ बैशाख**

यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचन नजिकिँदै गर्दा म्याग्दीका राजनीतिक दलहरुले उम्मेदवार छनोट प्रक्रियालाई तीव्रता दिएका छन्।

म्याग्दीका तीन ठूला दल नेकपा (एमाले), नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)ले अहिलेसम्म सार्वजनिक गरेका उम्मेदवारमा प्रमुख पदमा एक पनि महिला उम्मेदवार छैनन् भने वडाध्यक्षको उम्मेदवारमा पनि एक महिला मात्र समेटिनुभएको छ । एक नगरपालिका र पाँच गाउँपालिका गरी छ स्थानीय तह रहेको म्याग्दीमा ४५ वडा छन् । यी ४५ वडाका लागि बिहीबारसम्म जिल्लामा नेकपा एमालेले ४३, नेपाली कांग्रेसले २८ र नेकपा माओवादी केन्द्रले ११ वडामा ८२ वडाध्यक्षका प्रत्यासी छनोट गर्दा नेकपा एमालेका तर्फबाट मङ्गला गाउँपालिका-४ मा लक्ष्मी बूढाथोकी मगर मात्र वडाध्यक्षमा महिला उम्मेदवार बन्नुभएको छ। नेकपा एमाले मङ्गला-४ को वडा कमिटीले उहाँलाई वडाअध्यक्षको उम्मेदवार बनाएपछि वडाअध्यक्षको उम्मेदवारका लागि जिल्लामा महिला उम्मेदवारको खाता खोलिएको जनाइएको छ । अध्यक्षका उम्मेदवार बूढाथोकी पार्टीको वडा कमिटी उपाध्यक्ष तथा अखिल नेपाल महिला सङ्घ जिल्ला सदस्य हुनुहुन्छ । वडाको नेतृत्वमा पुरुषलाई नै अगाडि सार्ने तयारी गरिरहेका बेला बूढाथोकीले उम्मेदवारका लागि इच्छा व्यक्त गरेपछि सर्वसम्मतरुपमा वडाध्यक्षको उम्मेदवार बनाइएको नेकपा एमाले जिल्ला कमिटीका सदस्य एवं मङ्गला-४ का इञ्चार्ज कलाधर कँडेलले जानकारी दिनुभयो । म्याग्दीमा सक्रिय ठूला राजनीतिक दलका नेतृत्व तहमा महिलाको सङ्ख्या पर्याप्त नहुँदा नीति निर्माणको तहमा महिलाका मुद्दा उठान गर्न नसिकएको र समतामूलक समाज निर्माणमा पनि समस्या देखिएको महिला अधिकारकर्मीको भनाइ छ । मतदाताले महिला उम्मेदवारलाई बढी विश्वास गरे पनि नेतृत्वले विश्वास नगर्दा महिला राजनीतिमा पछि पर्नुपरेको महिलाअधिकारकर्मी जमुना आचार्यले बताउनुभयो।

"विगतका निर्वाचनलाई हेर्ने हो भने महिला उम्मेदवारले पुरुष उम्मेदवारको तुलनामा राम्रो मत प्राप्त गरेको देखिन्छ, तै पनि राजनीतिक दलको नेतृत्वले महिलालाई पत्याउँदैनन्", आचार्यले भन्नुभयो । राजनीतिमा महिला सहभागिता बढ्दै गए पनि मूल नेतृत्वमा महिलाको सहभागिता कलस्टरमा मात्रै सीमित रहने गरेको उहाँको भनाइ छ। विसं २०७४ को स्थानीय तहको निर्वाचनमा म्याग्दीको मालिका गाउँपालिका-५ की वडाध्यक्ष पिपला बूढा जिल्लाका ४५ वटै वडामध्ये एक्ली महिला वडाध्यक्ष हुनुहुन्छ । कोटा निर्धारण भएअनुसार नै महिलालाई ठाउँ दिइने गरेको नेपाली कांग्रेसबाट वडाध्यक्षमा निर्वाचित बूढाले बताउनुभयो।

म्याग्दीमा पुरुषको तुलनामा महिला मतदाताको सङ्ख्या बढी छ । निर्वाचन आयोगले सार्वजनिक गरेको विवरणअनुसार म्याग्दीमा आगामी चुनावमा ४१ हजार ४१४ पुरुष, ४३ हजार ९६० महिला र एक तेस्रो लिङ्गी मतदाता कायम भएको छ । जिल्लाका छवटै स्थानीय तह र ४५ वडामा जनप्रतिनिधि चुन्नका लागि मतदान गर्न ७४ मतदानस्थल र ११४ मतदान केन्द्र कायम भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

मतदानमा महिला नै निर्णायक हुने भएकाले महिलालाई नेतृत्व दिनुपर्नेमा सरोकारवाला निकायको जोड छ । विभेदकारी सोच भएको समाजलाई समतामूलक बनाउनका लागि स्थानीय तहहरूमा महिला नेतृत्व आवश्यक भइसकेको नेपाली कांग्रेसकी नेत्री विमला गौचनले बताउनुभयो । उहाँले भन्नुभयो, "पार्टीमा महिलाको योगदान पनि उत्तिकै हुन्छ, महिलालाई नेतृत्वका लागि टिकट दिन कन्जुस्याइँ गरिनु हुँदैन।"